# रिब्दीकोट गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
### खस्यौली, पाल्पा
### ५ नं. प्रदेश

०७५६२००५५,०७५६९२३०७
Email: info@ribdikotmun.gov.np
website: www.ribdikotmun.gov.np

प.सं.:– ०७५/७६
च.नं.:–

मिति :–२०७५/१२/१३

## प्रेस विज्ञप्ति

मिति २०७५/१२/१२ गते वसेको रिब्दकिोट गाउँपालिका कार्यपालिकाको बैठकले पारित गरेका मुख्य मुख्य निर्णयहरु

१. मिति २०७५/११/२३ गते देखी २८ गते सम्म जनप्रतिनिधी तथा कर्मचारीहरुको अनुभव आदान प्रदान भ्रमणका क्रममा कपिलवस्तुको शिवराज नगरपालिका , कालिकोटको तिलागुफा नगरपालिका , जुम्लाको सिंजा गाउँपालिका तथा दैलेखको लालिगुरास गाउँपालिका संग आन्तरिक आम्दानीको बढोत्तरी , बिषम भूगोल र कठिनतामा बिकास , ऐतिहासिक , सास्कृतिक , भाषिक पक्षहरुको संरक्षण र संबर्द्धन तथा शैक्षिक गुणस्तर सुधारको तौरतरिका बारेमा ज्ञान ,सिप लिने र कोशेली घर, एकल महिला लक्षित कार्यक्रम तथा उत्पादनमा आधारित अनुदान कार्यक्रमका बारेमा ज्ञान सिप प्रदान गर्ने कार्य भयो । गाउँपालिकाको बैठकमा आर्थिक व्यबस्थापकिय ज्ञानका बिषयमा छलफल भयो ।

२. ऐतिहासिक, धार्मिक, सास्कृतिक र भाषिक बिकासको उद्‌गम स्थल सिंजा गाउँपालिका संग समझदारिका क्षेत्रहरु यकिन गरी भगिनी सम्बन्ध कायम गर्न औपचारिक रुपमा सिंजा गाउँपालिका संग प्रस्ताव गर्ने निर्णय भयो ।

३. भैरवस्थानमा आयोजित सप्ताहव्यापी सांस्कृतिक महोत्सवको आर्थिक, व्यबस्थापकिय पक्षहरुमा मन्दीर व्यबस्थापन समिति संग सहकार्य गरी कार्यक्रम सम्पन्न गराउने निर्णय भयो ।

४. गाउँसभाबाट विनियोजित बजेटको परिधि भित्र रहि खरिद मार्फत प्राप्त हुन आएका २५ थान हाते ट्रयाक्टर ,बिद्युतिय स्प्रेयर ७ थान, प्लाष्टिक टनेल १०० थान, ल्पाष्टिक मल्चीङ्ग ८ थान, आवश्यकता र सन्तुलन समेतका आधारमा कृषक समुह, कृषि क्याम्पस, सहकारी तथा व्यक्तिहरुलाई ५०% सम्म अनुदानमा वितरण गर्ने निर्णय भयो ।

५. प्रदेश मन्त्रालय बाट सशर्त कार्यक्रमको रुपमा प्राप्त गाउँपालिका स्तरिय खेल मैदान निर्माणका लागी सर्वपक्षिय निर्णयबाट गठीत समितिको अनुमोदन समिति संग सम्झौता गरी शिघ्र योजना शुरु गराउने तथा केन्द्र सरकार बाट प्राप्त विशेष तथा समपुरक अनुदानमा आधारित खानेपानी योजनाका कार्यहरु तोकिएको शर्तको अधिनमा रहि छिटो अगाडी बढाउने निर्णय भयो ।

नारायण बहादुर जीसी
अध्यक्ष